# फुङलिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## फुङलिङ, ताप्लेजुङ

२०७३ प्रदेश नं १, नेपाल


(प्रकाशित मितिः २०७५/०९/२५)

**विषयः सूचना।**

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषदको बार्षिक कार्यक्रम अनुसार युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतिकरण प्रतियोगितामा सहभागी हुन इच्छुक १६-४० बर्ष उमेर समूह भित्रका युवाहरुको लागि यो सूचना प्रशारण गरिएको छ। प्रतियोगितामा सहभागी हुन निम्न शर्तहरु पालना गर्नु पर्नेछ ।

निम्नः

१. सहभागीको उमेर १६-४० बर्षको हुनु पर्नेछ।

२. सहभागी ताप्लेजुङ जिल्ला भित्र स्थायी बसोवास गरेको हुनु पर्नेछ।

३. उद्यम परियोजनाको प्रस्तावको शीर्षक ब्यक्तिले रोजेको जुनसुकै विषयमा लेख्न सकिनेछ।

४. परियोजना प्रस्तावकको साथै प्रस्तावकले आफ्नो नाम, ठेगाना, मोवाइल नं, इमेल ठेगाना र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेस गर्नु पर्नेछ।

५. परियोजना प्रस्तावको हार्ड कपि तथा सफ्ट कपि दुवै निवेदनका साथ पेस गर्नु पर्नेछ।

६. परियोजना प्रस्तावको निवेदनको ढाँचा फुङलिङ नगर कार्यपालिकाको युवा खेलकुद तथा शिक्षा शाखाबाट हेर्न सकिनेछ।

७. निवेदन फुङलिङ नगर कार्यपालिकाको युवा,खेलकुद तथा शिक्षा शाखामा बुझाउनु पर्नेछ।

८. परियोजना प्रस्तावको निवेदन मिति २०७५/०९/२५ गते देखि ०७५/१०/१५ गते अपरान्ह ४ बजे भित्रमा बुझाइ सक्नु पर्नेछ।

९. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सहभागीलाई नगद पुरस्कार तथा प्रमाण पत्रको ब्यवस्था गरिएको छ। साथै प्रथम हुने सहभागीलाई प्रदेश स्तरको प्रतियोगितामा सहभागी गराइनेछ।

नोटः थप जानकारीका लागिः

- राष्ट्रिय युवा परिषदको वेभ साइट www.nyc.gov.np मा हेर्न सकिनेछ।


सम्पर्कः

फुङलिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

युवा,खेलकुद तथा शिक्षा शाखा,फुङलिङ

ताप्लेजुङ

(संपर्क नं. ९८४२६६०८२३)


.........................

भूपाल कुमार सेन्दाङ

नि प्रमुख प्रशासकीय अधिकृत